# जनकपुरधाम उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनुषा, जनकपुरधाम
### प्रदेश नं.२, नेपाल

## वार्षिक नीति तथा कार्यक्रम
## आर्थिक वर्ष २०७८/०७९



# जनकपुरधाम उप-महानगरपालिका
## जनकपुरधाम, धनुषा
### ९ आषाढ, २०७८
### बुधवार

# आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

आदरणीय नगरसभाका सदस्यज्यूहरु,

(१) सर्वप्रथम् आजको यो गौरवमय ७(सातौं) नगरसभामा समुपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहलाई हार्दिकतापूर्वक स्वागत गर्न चाहन्छु । यस उपमहानगरपालिकामा हामी जनप्रतिनिधिहरु निर्वाचित भएको समेत चौथो वर्ष पुरा भई पांचौं वर्षमा प्रवेश गरेको सन्दर्भमा विगतका ४ वर्षको कार्यकालमा भए गरेका नीति तथा कार्यक्रमहरुको समिक्षा गर्दै आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत  गर्न गई रहेको छु ।

(२) नेपालको लोकतान्त्रिक आन्दोलन  र मधेश आन्दोलनका क्रममा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति हृदयदेखि नै हार्दिक श्रद्धासुमन अर्पण गर्दछु र आन्दोलनको क्रममा घाईते भई अंग–भंग हुनु भएका सम्पूर्ण साहशी परिर्वतनका पथप्रर्दशक योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

(३) यस उपमहानगरपालिकाको नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको नीतिहरु, प्रदेश सरकारको नीतिहरु, क्षेत्रगत नीतिहरु, आवधिक योजना, दिगो विकासका लक्ष्यहरु लगायत नेपालले अन्तरराष्ट्रिय क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धताहरु तथा कोभिड–१९ रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति  तथा कार्यक्रमहरु, यस उपमहानगरपालिकाको आवधिक योजनाहरु, वार्षिक योजनाहरु , हाल सम्मका नीति तथा कार्यक्रमहरु र स्थानिय सरकारका प्राथमिकताका क्षेत्रहरुमा आधारित रहेकोछ । यस नीति तथा कार्यक्रमको दिर्घकालिन उद्देश्य जनकपुरधाम उपमहानगरपालिकालाई सुन्दर, स्वच्छ र समृद्ध नगरको रुपमा स्थापित तुल्याउनु हुनेछ ।

(४) विश्वव्यापी महामारीको रुपमा आएको कोभिड (Covid-19) को दोश्रो चरणको प्रभावले यस उपमहानगरपालिका भित्रका सम्पूर्ण नगरवासीहरु प्रभावित भएको व्यहोरा विधितै छ । उक्त संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि गोपाल धर्मशालामा अक्सिजन र औषधि सहितको आईशोलेशन सेन्टर सञ्चालनमा रहेको छ । त्यसै गरि २५ वटै वडाहरुमा स्थलगत पि.सि.आर. परिक्षण समेत सम्पन्न गरिएको छ । नगरलाई सेनिटाईजेसन गर्ने कार्य जारि रहेको छ । कोभिड –१९ संक्रमित बिरामी र निजको सम्पर्कमा रहेका व्यक्तिहरुसंग सम्पर्क गरी कोभिड–१९ Case Investiation and Contact Tracing को ८ वटा टिमहरु परिचालन गरि रोगको रोकथाम तथा नियन्त्रणको लागि निरन्तर प्रयास गरिदै आएको छ । आगामी आर्थिक वर्षमा समेत उक्त संक्रमणको रोकथाम तथा नियन्त्रणमा निरन्तर प्रयास जारी रहने प्रतिब्द्धता व्यक्त गर्दछु ।

(५) कोभिड–१९ विरुद्धको खोप सबै नगरवासीलाई दिलाई कोभिड–१९को त्रासबाट सुरक्षित तुल्याउनु र नगरबासीको जीवन रक्षा गर्नु हाम्रो साझा कतर्व्य र दायित्व हो । यसका लागि संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी सिघ्रता सिघ्र सबै नगरवासीलाई खोप लगाउने व्यवस्था मिलाउने संकल्प गर्दछु ।

(६) यस उपमहानगरपालिकामा रहेको पवित्र धार्मिक स्थल जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा समावेश गर्ने हाम्रो अथक प्रयास स्वरुप नेपाल सरकारबाट आर्थिक वर्ष २०७८/०७९को नीति तथा कार्यक्रममा उक्त विषयलाई सम्वोधन भएकोमा नेपाल सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस कार्यमा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग पुर्याउने सबै राजनैतिक नेतृत्व , जनप्रतिनिधिहरु, कर्मचारीहरु, समाजिक एवम धार्मिक अभियन्ताहरु , विकासका साझेदारहरु , नागरिक समाज सबैमा हार्दिक आभार प्रकट गदै अझै थप सहकार्यको लागि प्रतिबद्ध छु ।

(७) विद्यमान सिमित भौतिक, मानवीय, आर्थिक श्रोत साधनको बाबजुद स्थानीय सरकारलाई नेपालको संविधान तथा सम्वद्ध कानूनले दिएको व्यवस्थापकिय, न्यायिक र कार्यपालिकाको अभ्यासमा लैजाने कार्य चुनौतिपूर्ण रहेको छ । आम नागरिकको अपेक्षा स्थानीय सरकारसँग बढेका छन् र उत्साह पनि सिर्जना भएको छ । जसको लागि जनकपुरधाम उपमहानगरपालिका पूर्णरुपले लागी परेको छ । नेपालको संविधान तथा कानूनले दिएका अधिकारहरुको अझै ठोस रुपमा प्रयोग गर्न विशेष जोड दिइनेछ ।

प्रस्तुत् परिदृष्यलाई मध्येनजर गर्दै आगामी आर्थिक वर्षको विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरुलाई देहाय बमोजिम प्रस्तुत गर्दछु

## पर्यटन प्रवर्द्धन र विकास

(८) यस उपमहानगरपालिकालाई धार्मिक एवम् सांस्कृतिक नगरीको रुपमा विकास गरी पर्यटकहरुको पवित्र गन्तव्यस्थलको रुपमा विकसित गरिदै लगिनेछ । यसका लागी नगर क्षेत्र भित्रका मठ–मन्दिर, कुटी, धर्मशाला, सागर, पोखरी, कुण्डको संरक्षण र सर्म्वद्धन गर्दै राष्ट्रिय/अन्तराष्ट्रिय रुपमा जनकपुरधाम उपमहानगरलाई धार्मिक पर्यटनको गन्तव्य स्थलको रुपमा स्थापित गर्न निरन्तर प्रयत्नरत छु ।

(९) जनकपुरधाम ऐतिहाँसिक, धार्मिक, पुरातात्विक एवं सांस्कृतिकरुपमा सम्पन्न हुनुकासाथै प्रदेश नं.२ को अस्थायी राजधानी समेत भएको र तराई मधेशको मध्ये भागमा अवस्थित देशकै सबैभन्दा बढी जनसंख्या भएको उपमहानगरपालिका हो । राजर्षि जनक, माता जानकीको पवित्र भूमि हुनुकासाथै याज्ञवक्ल, गार्गी, अष्ठाबक्र लगायतका ऋषिमुनिहरुको विद्वतमण्डलीको सत्संघ भएको पावनभूमि हो । यिनै धार्मिक एवं ऐतिहासिक धरोहरहरुको जगेर्णा गर्न प्रतिवद्धता व्यक्त गर्दछु ।

(१०) मधेश आन्दोलनको भावना र समबेदना तथा जनकपुरधाम उपमहानगरको पहिचान बोकेको शहिदद्वार निर्माण कार्य जारीरहेको छ । मधेश आन्दोलनमा शहादत प्राप्त गर्ने शहिदको नाम र शालिक भएको प्रस्तुत शहिद गेटको निर्माण कार्य अघि बढाउन पाउंदा भावी पुस्ताले अग्रजको बलिदानी सदासर्वदा मनमस्तिस्कमा राख्ने छन् भन्ने विश्वास लिएकोछु । आगामी आ.व.को पहिलो चौमासिक भित्रनै उपरोक्त निर्माण कार्य सम्पन्न गरी सकिने व्यहोरा सगर्व यस गरिमामय सभा समक्ष जानकारी गराउंदछु । यसबाट पर्यटक आकर्षणमा थप टेवा पुग्ने अपेक्षा गरेकोछु ।

(११) नगरका अमूल्य गहनाको रुपमा रहेका सागर, पोखरी, तालतलैयाहरुको संरक्षण र सर्म्बद्धन गर्ने कार्यलाई निरन्तरता दिइने छ । यस उपमहानगरपालिकाको हाताभित्र रहेको र्दिघिकासरलाई नगरकै आकर्षक पोखरीको रुपमा सौन्दर्यिकरण गरी आन्तरिक एवम वाह्य पर्यटकहरुको आकर्षक  गन्तव्य विन्दु(HUB)को रुपमा स्थापित गरिनेछ ।

(१२) नगरका विभिन्न स्थानहरुमा पार्क, उद्यान एवं वाकिङ हेरिटेजपाथहरुको व्यवस्था गरि नगरलाई स्वच्छ शुन्दर, हराभरा बनाई वातावरणियरुपमा अनुकुलित वनाइदै लगिनेछ । कपिलेश्वर पार्कको निर्माण, गंगासागर–धनुषसागर हेरि टेज पैदलमार्गको निर्माण गरी शहरी जिवनशैलीलाई स्वस्थ र वातावरणमैत्री बनाईने छ ।

(१३) शहरका प्रमुख सडक, मठ मन्दिरहरु लगायतका महत्वपूर्ण स्थानमा डेकोरेटिभ लाइट, स्मार्ट लाईट र हाई मास्क लाईटको व्यवस्था गरी नगरको रात्रीकालिन जिवनलाई सुन्दर, आकर्षक एवम आधुनिक बनाउदै लगिने छ ।

(१४) अन्य राष्ट्रिय/अन्तराष्ट्रिय नगरहरुसंग भगिनी सम्बन्ध कायम गर्दै यस उपमहानगरपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक धरोहरको वारेमा अन्तरराष्ट्रियकरण गरी मिथिला संस्कृति, कला, साहित्य र परम्पराको प्रर्वद्धन गरी

आन्तरिक एवम वाह्य पर्यटनलाई आकर्षित गरिनेछ ।

(१५) नगरमा बढदो सवारीको चापलाई दृष्टिगत गरी नगरका विभिन्न क्षेत्रमा पार्किङ क्षेत्र तोकि सवारीसाधनको पार्किङलाई व्यवस्थीत गर्दै लगिने छ । पार्किङ लाइ शहरी सौन्दर्य, राजश्व एवम रोजगारीको क्षेत्रको रुपमा व्यवस्थित गरिदै लगिनेछ ।

१६) मिथिलाको पहिचान वोकेको विवाहपञ्चमी, झिझिया लगायतका सांस्कृतिक कार्यक्रमहरुको सम्बर्धन र प्रवर्धन गर्दै **हरेक घरमा मिथिला आर्ट**को नाराका साथ मिथिला आर्ट क्षेत्र घोषणा गरिनेछ । नगरक्षेत्रको वालमा मिथिला आर्टको पेन्टिङ्ग गरिनेछ ।

१७) मिथिला संस्कृति र कलाको संरक्षण गर्न आगामि आर्थिक वर्षमा मिथिला सांस्कृतिक कलाकेन्द्र संचालनमा ल्याइनेछ ।

१८) मिथिला क्षेत्रमा लहठी, मिथिला आर्ट बनाउने जातिय पेशालाई बजारिकरण गर्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।

१९) जनकपुरधामको एकिकृत पर्यटन गुरुयोजना तयारी गरिनेछ । सिताराम म्युजियमको डिपिआर तयार गरिनेछ ।

२०) जनकपुरधामलाई वैवाहिक कार्यक्रको गन्तव्य स्थलको रुपमा विकसित गर्दै लगिनेछ ।

२१) पर्यटन प्रवर्द्धनको लागी नगरका विभिन्न चोकहरुको सौन्दर्यीकरण गर्नुका अतिरिक्त ऐतिहासिक स्थलहरुमा पर्यटक लक्षित सुचना बोर्ड राखिनेछ ।

२२) पर्यटकहरुलाई जनकपुरधामका विभिन्न धार्मिक तथा सास्कृतिक सम्पदाहरुको जानकारी गराउन पर्यटन सुचना केन्द्रको स्थापना गरिनेछ ।

## सार्वजनिक निर्माण, भौतिक पूर्वाधारको विकास र नगरको सौन्दर्यकरण

(२३) नगरभित्रका नालाहरु खुल्ला रहँदा लामखुट्टे नियन्त्रण गर्न कठिन भएको र खुल्ला नालाले दुर्गन्ध फैलाँउदा डेङगु, कालाज्वर र औलो लगायतका रोग व्याधिहरुको

संक्रमण फैलिन सक्ने अवस्थाको दिर्घकालिन सामाधान गर्न नगरभित्रका सबै खुल्ला नालाहरुमा ढकनी लगाई **"खुल्ला नाला मुक्त शहर"**को अभियान सञ्चालन गरिने छ । यसबाट शहरलाई प्रदुषणरहित तुल्याँउदै सफा, सुन्दर र स्वच्छ नगर बनाउने अभियानलाई टेवा पुग्ने अपेक्षा गरेकोछु ।

(२४) व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशिला मान्दै नगरभित्रका मूख्य एवम सहायक सडकहरु लाई पक्की सडकमा रुपान्तरण गर्दै आवश्यकतानुसार मर्मत सम्भार एवम स्तरोन्नती गरी सडक मार्गलाई दिगो, भरपर्दो, सुरक्षित र व्यवस्थित गरिदै लगिनेछ ।

(२५) सडक अधिकारक्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।

(२६) नगरक्षेत्रमा निजी एवम व्यापारिक भवन निर्माण गर्दा प्रयोग हुने निर्माण सामाग्रीहरु सडकमा नै थुपार्ने प्रवृत्तिले शहरी वातावरणलाई प्रतिकूल असर पार्ने हुंदा निजि, व्यापारिक एवम सार्वजनिक भवन निर्माण गर्दा प्रयोग हुने निर्माण सामाग्रीहरु सडकमा नै थुपार्ने प्रवृतिलाई निरुत्साहित गर्न उपयुक्त कार्यवाहीको रणनीति अवलम्वन गरिनेछ ।

(२७) उपमहानगरपालिकाको क्षेत्रभित्रमा नयाँ घर निर्माण गर्दा अनिवार्य नक्सापास गर्नु पर्ने र भवन निर्माण संहिता मापदण्डको पालनामा विशेष अभियान सञ्चालन गरिनेछ । यसबाट भवन निर्माणको मापदण्डको पालना गराउनुका साथै उपमहानगरपालिकाले थप राजश्व समेत प्राप्त गर्ने अपेक्षा गरेको छु ।

(२८) यस उपमहानगरपालिका वडा नं.५ लाई नमूना वार्डकोरुपमा व्यवस्थित गर्ने कार्य चालु आ.व.मा जारिहरेको छ । उक्त कार्यको निरन्तरता दिंदै थप वडाहरुलाई नमूना शहरको रुपमा विकसित गर्दै लगिनेछ । यसबाट यस उपमहानगरको वस्तिहरुलाई आधुनिक शहरकोरुपमा क्रमशः व्यवस्थित गरिदै लगिनेछ ।

(२९) यस उपमहानगरपालिकामा ग्रामिण क्षेत्रहरुबाट बसाई सराई गर्ने क्रम बढदै गएको देखिन्छ । यसबाट नगरमा दिनानुदिन निर्माण भईरहेका आवाशय

भवनहरुलाई समायानुकूल व्यवस्थित र आधुनिक बनाउनु टड्कारो आवश्यकता देखिन्छ । यसका लागि नगरको सिमित जग्गा जमिनको उपयोगलाई वैज्ञानिक ढंगले व्यवस्थित गर्न Smrat City को अवधारणा कार्यान्वयन गरिनेछ । यसका लागि शहरका सम्भाव्य क्षेत्रहरुको Detailed Project Repot (DPR) तयार गरी अगामी आर्थिक वर्षमा जमिनको Land Pooling गर्ने कार्यलार्य अघि बढाई समय सापेक्ष आधुनिक शहरको रुपमा व्यवस्थित गरिने कार्यको थालनी गरिनेछ ।

(३०) उपमहानगर भित्रको खानेपानी तथा ढल निकासलाई व्यवस्थित तुल्याउन संघीय सरकारको खानेपानी मन्त्रालय र RUDP संग आवश्यक समन्वय र सहकार्य गरी Storm Water Drainage निर्माण गर्ने कार्य अघि बढाईनेछ ।

(३१) यस उपमहानगरपालिकाबाट यस अघिनै नगरभित्रको २६ कि.मि. सडक र ३२ कि.मि.नाला निर्माण कार्य सम्पन्न भैसकेको व्यहोरा यहांहरुलाई अवगतनै छ । नगरभित्रका बांकी सडक र नाला निर्माण कार्यलाई सम्पन्न गर्न नेपाल सरकार शहरी विकास मन्त्रालयसंग विभिन्न चरणमा छलफल समेत भैसकेको छ । यस कार्यको लागि आपसी समन्वय र सहकार्यमा सडक र नाला निर्माणको बांकी कार्यहरुलाई अघि बढाइनेछ । यसबाट जनकपुरधाम उपमहानगरपालिकाको सडक र नाला व्यवस्थित भई भौतिक पूर्वाधारको दिगो र भरपर्दो आधारशिला तयार हुने विश्वास लिएको छु ।

३२) नगरस्तरिय योजना र वडा स्तरिय योजनालाई विशेष जोड दिई भौतिक पूर्वाधार विकासको गतिलाई द्रुत रुपमा अघि बढाइनेछ ।

(३३) नगरभित्र नागरिकको अत्यन्त भिडभाड हुने पेठिया बजार लाई व्यवस्थित तुल्याउन भवन निर्माणका लागि DPR तैयार भैसकेको छ । उक्त बजारलाई अत्याधुनिक बनाउन DPR अनुसारको भवन निर्माणको कार्यलाई आगामी वर्षमा अघि बढाइने छ । यसबाट शहरको केन्द्र भागमा रहेका एकमात्र बजार व्यवस्थित र आधुनिक हुने अपेक्षा गरेको छु ।

(३४) यस उपमहानगरभित्रको पार्किङ र सार्वजिनक सेवा प्रवाह दुबैलाई मध्यनजर गरी भानुचौक स्थित सार्वजनिक सेवा प्रवाह भवन चालु आ.व.मा नै निर्माणाधीन रहेको छ ।

उक्त निर्माण कार्यमा आएका केही समस्याहरु समाधान गरी यथाशिघ्र सम्पन्न गरिने छ । यसबाट सेवाग्राहीको बढदो चापलाई  सम्बोधन गर्न तथा नगरपालिकामा मालपोतको शाखा विस्तार गर्न र पार्किङको सुबिधा  प्राप्त भई उपमानगरको राजश्व समेतमा बृद्धि हुने अपेक्षा गरेको छु ।

## सामजिक समावेशिकरण र सशक्तिकरण

(३५) दलित, विपन्न र आर्थिक समाजिकरुपमा पिछडिएका महिलाहरुको क्षमता अभिवृद्धि र सशक्तिकरणको लागि आवश्यक सिपमूलक तालिम प्रदान गरिनेछ । सोका लागि आवश्यक SEED MONEY र प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।  यसबाट २५ वटै वडाहरुमा समुह बनाई महिला सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन गरी महिलाहरुलाई स्वरोजगार बनाइनेछ ।

(३६) लैङ्गिक हिंसालाई नियन्त्रण गर्न विभिन्न सरकारी निकाय एवम् गैरसरकारी संघ–संस्थाहरु संग समन्वय र सहकार्य गरी **लैङ्गिक हिंसामुक्त नगर** बनाउने अभियानका कार्यक्रम लाई अघि बढाइनेछ ।

(३७) जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित, जनजाती, तेस्रो लिङ्गी, बालबालिका, अनाथ, असहाय, अपाङ्गता भएका व्यक्तिहरुको क्षमताअभिवृद्धि, मूलप्रवाहीकरण र समाजिक एकिकरण र सशक्तिकरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

(३८) उपमहानगरभित्रका आमाबुवा गुमाएका अनाथहरुको लगत संकलन गरी महिला तथा बालबालिका परिषद्संग समन्वय र सहकार्य गरी कुनैपनि अनाथ बालबालिकाले अभिभावकत्वको अभाव महशुस नगर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

(३९) यस उपमहानगरभित्रका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित, अपाङकता भएको व्यक्ति र लोपोन्मुख जनजातीहरुलाई प्राप्त हुने सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणाली मार्फत प्रदान गरिदै आएकोछ । यसका अतिरिक्त चालु आ.व.मा ५ वर्ष मुनिका सबै बालबालिकाहरुको बैंक खाता खोली बैंकिङ प्राणली मार्फत भत्ता उपलब्ध गराउने चुनौतीपूण कार्य समेत पुरा भएको छ । यस कार्यमा संलग्न सबै राष्ट्रसेवक

कर्मचारीहरुलाई धन्यवाद दिदैं आगामी आ.व. बाट समाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई गुणासोरहित बनाउन समयमानै सम्बन्धित सेवाग्राहीको बैंक खातामा रकम दाखिला गर्ने व्यवस्था मिलाउने प्रतिवद्धता गर्दछु ।

(४०) युवाहरुमा कुलतको रुपमा देखा परेको लागु औषधको बढ्दो उपयोगलाई नियन्त्रण गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

## कृषि तथा पशुपालन क्षेत्रको विकास, गरिबी न्यूनिकरण रोजगारी सृजना

(४१) कृषि क्षेत्रको आधुनिकिकरण, विविधिकरण, व्यवसायिकरण तथा बजारिकणलाई प्रवर्द्धन गर्न पकेट क्षेत्रको विकास, मल, किटनासक औषधि र उन्नत बिउको व्यवस्था, व्यवसायिक खेती, बजारको बिकास, उचित भण्डारण, प्रविधिको विकास र उचित मूल्य निर्धारणमा विशेष जोड दिई कृषि उत्पादन र उप्तादकत्व अधिवृद्धिका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

(४२) उत्पादनको लागत न्यून गरी उत्पाकत्व वृद्धि गर्न तथा कृषिमा आश्रित नागरिकको जीवनमा परिर्वतनको महशुश ल्याई गुणस्तरिय जिवनको आधरशिला खडा गर्न नगरभित्रका ग्रामिण क्षेत्रहरुमा **कृषि विद्युतिकरणको** कार्यक्रमलाई थप निरन्तरता दिईनेछ ।

(४३) नगरभित्रका पशुपालन, मत्स्य पालन, कुखुरा पालन लगायतका पशुपंक्षि व्यवसायलाई थप टेवा पुर्याई स्वरोजगारी र आत्मर्निभरताको प्रवर्द्धन गर्ने र **कामको सम्मान** गर्ने सामजिक मनोविज्ञान सृजना गर्न थप प्रबर्द्धनात्मक कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

(४४)नगर क्षेत्रभित्रका गरिबीको रेखामुनि रहेका नागरिकको पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्यलाई विशेष जोडदिई नागरिकको घरदैलौमा गणक खटाई लगत संकलन गर्ने कार्यलाई आगामी आर्थिक वर्ष भित्रनै सम्पन्न गरिनेछ । यसबाट वास्तिवक गरिबको पहिचान भई गरिब लक्षित कार्यक्रमहरु सञ्चालनमा सहजता हुने आपेक्षा गरेको छु ।

(४५) नेपाल सरकार संगको सहकार्यमा खपडा, फुस एवम् खरका छानालाई जतस्तापाताको छानाले प्रतिस्थापन गर्ने नीति तथा कार्यक्रमलाई तदारुकतासाथ कार्यान्वयनमा लगि नागरिकको **आवाशको हक** लाई सुनिश्चित तुल्याइनेछ ।

(४६) हरेक मानिसको अन्तरआत्माको चाहना मर्यादित र सम्मानित जिवन (Discent and dignified life) जिउने नै हुन्छ । तर आजपनि कतिपय नागरिक भूमि विहिन भई पाषाण युगको फिरन्ते जिवन जिउन बाध्य छन् । भूमिविहिन भई दबिएर थिचोमिचो सहेर बस्न बाध्य हुनु कदापि उपयुक्त होइन । प्रस्तुत् विभेदपूर्ण अवस्थामा रहेका नगरवासीको पहिचान गरी समुचित भूमिको व्यवस्था गर्न भूमि सम्वन्धी आयोग संग आवश्यक समन्वय र सहकार्य गरी लगत संकलन कार्य अघि बढाइनेछ ।

## रोजगारी प्रवर्द्धन र आत्मनिर्भरताको विकास

(४७) बैदेशिक रोजगारीबाट फर्किएका र विदेशमा नविनतम ज्ञान, शिप र प्रविधिको जानकारी प्राप्त गरेका यूवाहरुलाई स्वदेशमानै ती ज्ञान, शिप र प्रविधिको उपयोग गरी व्यवसाय उन्मुख हुन उत्प्रेरित बनाउने कार्य वातावरण तयार गर्ने कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।

(४८) बढदो वेराजगारीले निम्त्याएको निरासालाई न्युनिकराण गर्न रोजगारी सृजना गर्ने उद्यम व्यवसायलाई थप सहुलियत प्रदान गरिनेछ ।

(४९) रोजगारीका थप क्षेत्रहरुको पहिचान गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप उपलब्धी मूलक बनाउन आवश्यक निमार्ण सामाग्री एवम उपकरणहरु उपलब्ध गराईनेछ ।

(५०) सरकारी एवम नीजि क्षेत्रमा रिक्त रहेका पदमा नागरिकलाई रोजगारीको पर्याप्त अवसर प्रदान गर्न आवश्यक पहल गरिनेछ ।

## स्वास्थ्यतर्फ

५१) गर्भवती र सुत्केरी आमाहरुको स्वास्थ्य र सुरक्षाको लागी सुनौला १००० दिनको **आमाहरुको लागि पोषण कार्यक्रम** र **गर्भवती आमाहरुको लागी सफाई सामाग्री वितरण कार्यक्रम**लाई पुन : संचालनमा ल्याइनेछ ।

५२) कोभिड १९ लगायतको महामारी रोग रोकथाम तथा नियन्त्रणका लागी आवश्यक स्वास्थ्य सामाग्री र औषधीको प्रयाप्त व्यवस्था मिलाइनेछ ।

५३) नवजात शिशु र आमाको स्वास्थ्यलाई सुरक्षित तुल्याउन आवश्यक औषधी र स्वास्थय कर्मी सहितको बर्थिङ्ग सेन्टर संचालन गर्न **उपमेयर सुरक्षित मातृत्व अभियान**को कार्यक्रम संचालन गरिनेछ ।

(५४) आगामी आर्थिक वर्षभित्रमा सबै वडाहरुमा स्वास्थ्य चौकीको आफ्नै भवन निर्माण गर्ने कार्य सम्पन्न गरिने छ र स्वास्थ्य चौकीहरुलाई आवश्यक स्वास्थ्य उपकरणहरु र आधारभूत औषधिहरु निशुःल्क रुपमा वितरण गरीनेछ । स्वास्थ्यकर्मीहरुको मनोवललाई उच्च बनाई प्रभावकारीरुपमा मानविय, भौतिक र वित्तीय श्रोत साधनको परिचालन गरी नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने **मौलिक हकलाई प्रत्याभूती** गरिनेछ ।

(५५) आमनागरिकलाई निःशुल्क स्वास्थ्य सेवामा पहुच पुर्याउनका लागि “”**नागरिक संग नगरपालिका कार्यक्रम** सञ्चालन गरी नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई चुस्तदुरुस्त बनाई अत्यावश्यक औषधिसहितको स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

(५६)शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सेवालाई समयानुकुल विस्तार गरी २५ शैयाको नगर अस्पतालमा रुपान्तरण गरिनेछ ।

(५७) समुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुले स्वास्थ्य क्षेत्रमा पूर्याएको योगदानलाई उच्च मूल्यांकन गर्दै आगामी दिनमा थप प्रोत्साहन दिई जिम्मेवारी प्रदान गरिनेछ ।

(५८) २ वर्ष भित्रका सबै बाल बालिकाहरुलाई नेपाल सरकारबाट प्रदान गरिने सबै किसिमका खोप सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाको सहयोगमा लगाउने कार्यलाई निरन्तरता दिई कुनैपनि बालबालिका नछुट्ने गरी विशेष अभियान सञ्चालन गरिनेछ । यसबाट उपमहानगरलाई **पूर्ण खोप सुनिश्चित नगर** घोषणा गरिने छ ।

(५९) यस उपमहानगरभित्र सञ्चालनमा रहेका अस्पताल तथा स्वास्थ्य क्लिनिकहरुको अनुगमन लाई प्रभावकारी बनाई प्रचलित नियमानुसार स्वास्थ्य संस्थाले मापदण्ड पुरा गरी दर्ता भए नभएको र समयमा नविकरण भए/नभएको एवम स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा, सुबिधा तथा मुल्यको सम्बन्धमा कडाईका साथ नियमन नर्गे व्यवस्था गरिनेछ ।

## शिक्षा तथा खेलकुद तर्फ

६०) यस उपमहानगरपालिकाले आगामी आर्थिक वर्षमा प्राविधिक विद्यालय संचालनमा ल्याई मध्यम स्तरका प्रविधिक जनशक्तिको उत्पादनमा विशेष जोड दिइनेछ ।

६१) नगरको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न **विद्यार्थी मेयर संवाद कार्यक्रम**को प्रारम्भ गरी सबै विद्यालयमा निरन्तर रुपमा विद्यार्थीसंग शैक्षिक गुणस्तरको बारेमा पृष्ठपोषण लिई गुनासो सम्बोधन गरी शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न जोड गरिनेछ ।

(६२) कोभिड-१९ को कारण वन्द रहेका विद्यालयहरुलाई आवश्यक स्वास्थ्य सावधानीका उपायहरु अवलम्बन गरी आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याइने व्यवस्था गरिनेछ । कोभिडको तेश्रो चरण आउन सक्ने विज्ञहरुको भनाई रहेकोले सोबाट विद्यार्थी समेत प्रभावित हुन सक्ने अवस्थालाई दृष्टिगत गरी विद्यालय सेनिटाइजेशन गर्ने तथा सरसफाईमा विशेष जोड दिईनेछ । शिक्षक विद्याथी सबैलाई कोभिडको खोप लगाउनेतर्फ आवश्यक व्यवस्था मिलाईनेछ ।

(६३) विद्यार्थी शिक्षक अनुपात कायम गर्ने सरकारी नीति अनुरुप अति न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई आगामी आर्थिक वर्षभित्र आवश्यकता अनुसार समायोयन वा रुपान्तरण गर्ने कार्य सम्पन्न गरिनेछ ।

(६४) माध्यामिक विद्यालयमा कतै विषयगत शिक्षक नै नहुने त कतै आवश्यकता भन्दा बढी विषयगत शिक्षक हुने तथा प्राथमिक एवम आधारभूत तहका विद्यालयमा समेत शिक्षक विद्याथी अनुपात नमिल्दा देखापरेको समस्यालाई सामाधान गर्न आगामी आर्थिक वर्षभित्र शिक्षक दरवन्दी मिलान गर्नेकार्य सम्पन्न गरिनेछ ।

(६५)नगरभित्रका सबै विद्यालयहरुमा कम्पाउण्ड वाल निर्माण , फर्निचर, कक्षाकोठा व्यवस्थापन, खानेपानी तथा शौचालयको व्यवस्था, खेल मैदान तथा बगैंचा निर्माण तथा मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

(६६) सबै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्नुकासाथै  विद्यालयमा अतिरिक्त कृयाकलापहरु सञ्चालन गर्ने कार्यक्रमहरु लाई विशेष जोड दिइनेछ ।

(६७)सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिब, दलित एवम पिछिडिएका समुदायका सन्ततीहरुलाई लक्षित गरी छात्रवृतिका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

(६८)सबै आधारभूत एवम माध्यमिक विद्यालयहरुमा खेलकूदका गतिवीधिहरु सञ्चालन गरी स्वस्थ-स्फुर्त,  अनुशासित र प्रतिस्प्रधी युवा जनशक्तिको विकासमा जोड दिइनेछ ।

## सरसफाई, फोहरमैला व्यवस्थापन  र हरियाली प्रवर्द्धन

६९) नगरक्षेत्रको हरियाली प्रवर्द्धन र सरसफाईलाई ध्यानदिई आगामी आर्थिक वर्षमा समग्र **नगरक्षेत्रको वातावरण गुरुयोजना** तयार गरिनेछ ।

(७०) नगरको सरसफाईलाई वैज्ञानिक र व्यस्थित ढंगले व्यवस्थापन गर्न सार्वजनिक निजि साझेदारीको माध्यमबाट **"फोहरसँग मोहर"** भन्ने नाराकासाथ उपयुक्त सेनिटरी ल्याण्डफिल्ड साइटको व्यवस्था गरी Solid Waste Managemeant को अवधारणालाई कार्यान्वयनमा लगिनेछ । यसका लागि उपयुक्त स्थानमा जमिनको खोजी कार्य जारी राखिएको छ । यसबाट नगरको सरसफाई र सौन्दर्यकरण गर्न दिर्घकालिन, मध्यकालिन र तत्कालिन रणनीति सहितको कार्य योजना बनाई फोहरको उचित व्यवस्थापन गरिनेछ ।

(७१) हरियालीयुक्त नगरको अवधारणालाई मुर्तता दिन नगरका सबै सडकहरुको पेटीमा वृक्षारोपण गर्ने लगायत सघन वृक्षरोपण कार्यक्रमलाई विशेष जोड दिईनेछ । वृक्षारोपण गर्ने र सोको जगेर्णा गर्ने कार्यलाई थप रोजगारीमूलक कार्यक्रममा रुपान्तरण गर्न प्राधानमन्त्री रोजगार कार्यक्रम लाई सरसफाईयूक्त  हरियाली नगर निर्माण गर्ने कार्यमा उपयोग गरिनेछ ।

(७२) उपमहानगरभित्रको हरियाली प्रवर्द्धन गर्न NURP परियोजना संग समन्वय र सहकार्य गरी Green Resilence  and Inclusive Development (GRID) को अवधारणालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।

(७३)यस उपमहानगरपालिका भित्र अझै पनि सबै नागरिकले गुणस्तरयुक्त शौचालयको उपयोग गर्न नसकेको अवस्थालाई मध्येजगर गरी आवश्यक Matching Fund को व्यवस्था गरी UNICEF संग सहकार्यमा शौचालय निर्माण गर्ने कार्यलाई अघि बढाइनेछ ।

७४) नगर भित्रका छाडा गाईवस्तुहरुलाई व्यवस्थापन गर्न सरोकारवालाहरु संग समन्वय गरी प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

७५) नगरभित्र डिलक्स शौचालय लयायत अन्य सार्वजनिक शौचालयहरुको संचालन र व्यवस्थापनलाई निनरन्तरता दिई **मेयर स्वच्छता कार्यक्रम** लाई अभियानको रुपमा संचालन गरिनेछ ।

## सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धन र आकस्मिक विपद सेवा केन्द्रको स्थापना :-

(७६) हाम्रो लामो समयको प्रयास स्वरुप उपमहानगरपालिकाको नयां कार्यालय भवन निर्माण भएको छ । आधुनिक भवनले मात्र सेवाग्राहीको आधुनिक सेवा प्राप्त गर्ने अपेक्षा पुरा हुदैन । तसर्थ सेवाग्राहीमैत्री कार्यकक्ष र प्रविधीलाई अवलम्बन गर्नु वाञ्छनिय हुन्छ । यसका लागि योजना, शिक्षा, स्वास्थ्य, न्यायिक समिति, राजश्व लगायत शाखा संग सम्बन्धित Automated Software System प्रणाली सञ्चालनमा ल्याई सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री र सेवाग्राहीमैत्री तुल्याइनेछ ।

(७७) हालसम्म यस उपमहानगरपालिकाको आफनै वडा कार्यालय भवनहरुको निर्माण कार्य सम्पन्न हुनु हाम्रो लागि सुखद पक्ष हो । आगामी आर्थिक वर्षभित्र भैरहेका वडाकार्यालयहरुको स्तरोन्नती गर्नुका साथै आफ्नो भवन नभएका वडाकार्यालयहरुको लागि उपयुक्त जमिनको व्यवस्था गरी भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

(७८) यस उपमहानगरको नागरिक वडापत्रलाई समय सान्दर्भिक रुपमा परिमार्जन गर्नुका साथै डिजिटाइज्ड नागरिक वडापत्र जारी गरिनेछ । साथै २५वटै वडाकार्यालयहरु र स्वास्थ्य चौकीहरुको नागरिक वडापत्र अध्यावधिक गरी नागरिक लाई सेवाको मापदण्ड, गुणस्तर,

प्रकृया, दस्तुर र जिम्मेवार अधिकारीको जानकारी दिने व्यवस्था लाई थप प्रभावकारी तुल्याइनेछ ।

(७९) उपमहानगरपालिका भित्रको न्यायिक समितिबाट प्रवाह हुने सेवालाई समयानुकुल प्रभावकारी बनाई गरिबी, समाजिक बन्चितिकरण र हिंसामा परेका पिडित नागरिकले छिटो छरितो र सहज ढंगले न्याय प्राप्त गर्ने कार्यमा आवश्यक सहजिकरण गरिनेछ । यसकालागि न्यायिक समितिको भौतिक एवम प्राविधिक सक्षमता अभिवृद्धिमा विशेष जोड दिइनेछ । सबै वडाकार्यालयहरुसंग मेलमिलापद्वारा विवाद निरुपण गर्ने गरी वडा स्तरीय मेलमेलाप केन्द्र सञ्चालनमा ल्याइनेछ ।

(८०) कार्यालयका सम्पूर्ण खरिद प्रकृयालाई प्रतिस्पर्धी र पारदर्शी बनाउन प्रचलित कानून अनुसार खरिद प्रकृया अघि बढाई कर्यालयको वेभसाईटमा राख्ने व्यवस्था गरिनेछ । यस बाट नागरिकको Right To Information प्राप्त गर्ने हकको प्रत्याभूति हुने विश्वास लिएको छु ।

८१) यस उपमहानगरपालिकाको विपद् व्यवस्थापनको रणनिति र कार्यविधि तयार गर्न आवश्यक नितीगत सहयोग पुऱ्याएकोमा सृदृढ परियोजनालाई विशेष धन्यवाद दिदै आगामी आर्थिक वर्षबाट नगर स्तरिय विपद् व्यवस्थापन केन्द्रको स्थापना गरि प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ ।

८२)उपमहानगरपालिका विज्ञापनको वर्गिकरण गरी सबै सञ्चारमाध्यमहरुलाइ प्राथमिकता दिई विज्ञापन वितरणको व्यवस्था मिलाइनेछ ।

८३) जनकपुरधाम उपमहानगर भित्रका संचारकर्मीहरुको योगदानको उच्च कदर गर्दै नेपाल पत्राकार महासंघ र अन्य पत्राकारीताको विभिन्न आस्था संग आवद्ध संघ संस्थाहरुको समन्वयमा पत्राकार दुर्घटना विमामा सहयोग पुऱ्याउने कार्य संचालन गरिनेछ ।

## श्रोतको व्यवस्थापन र सार्वजनिक सम्पत्तिको संरक्षण

(८४) सार्वजनिक एवम् गुठीको जमिनमा अनाधिकृतरुपमा घर टहरा बनाउने कार्य नरोकिदा सार्वजनिक सम्पत्ति माथि स्वार्थसमूह हावी हुने प्रवृत्तिले दिर्घकालमा उपमहानगरभित्रका

सार्वजनिक खुल्ला जमिन रित्तिदै जाने समस्यालाई समयमा नै नियन्त्रण गर्न उपयुक्त र प्रभावकारी रणनीति सहित सार्वजनिक एवम् गुठीको जमिन संरक्षण गरिनेछ । यसका लागि सम्बद्ध सबै निकायहरुसंग समन्वय र सहकार्य गर्दै सार्वजनिक सम्पत्तिको संरक्षणमा विशेष जोड दिइनेछ ।

(८५) हाटबजार ठेक्का तथा थप पोखरीहरुको ठेक्का सूचना प्रकाशन गरी राजश्वको दायरा लाई फराकिलो बनाईनेछ ।

(८६) हालको कर प्रणाली सुधार गर्न कम्प्युटर प्रणालीमा लगिनेछ । साथै करदाता शिक्षा कार्यक्रमलाई प्राथमिकता दिइनेछ । कर प्रणाली प्रविधिमैत्री सञ्चार प्रणालकिो विकास गरिनेछ । व्यवसाय कर र घर बहाल कर को दायरालाई फराकिलो बनाउन सरोकारवालाहरुसंग समन्वय गरी बजार अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

(८७) गुठी संस्थान संग समन्वय गरी गुठीको स्वामित्वमा रहेका सम्पत्तिको संरक्षणको व्यवस्था गर्दै त्यस्ता सम्पत्तिको व्यवस्थित उपयोग गरी राजश्वको सम्भाव्य स्रोतहरुको क्षेत्र पहिचान गरी कार्यान्वयनमा लगिनेछ ।

(८८) बजारमा रहेका अव्यवस्थित होडिङ बोर्ड र पम्पलेटहरुलाई कानूनको दायराभित्र ल्याई व्यवस्थित ढंगले पम्पलेट र होडिङ वोर्ड सञ्चालनमा ल्याई राजश्वको दायरा लाई विस्तृत तुल्याइने छ ।

(८९) शहरको मुख्य भागका अतिरिक्त अन्य क्षेत्रहरुमा लाग्ने हाट बजारलाई व्यवस्थित गरी हाटबजार ठेक्का लगाइने छ । यस बाट समेत राजश्वको दायरा थप फराकिलो हुने अपेक्षा गरेको छु ।

## अन्य कार्यक्रमहरु

(९०) जनकपुरधाम उपमहानगरपालिका को नगर सरसफाईको लागी विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ । लामखुट्टे नियन्त्रणको विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(९१) कोभिड-१९ संक्रमणलाई न्युनिकरण गर्न सिटी सेनिटाइजेशन गर्ने कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

(९२) यस आर्थिक वर्षमा उमा सिंह पत्रकारीता कोष (अक्षय कोष) स्थापना भैसकेको छ । आगामी आर्थिक वर्षबाट बर्षेनी उत्कृष्ट पत्रकार लाई उमासिंह पत्रकारिता पुरस्कार वितरण गर्ने आवश्यक व्यवस्था गरिने छ ।

(९३) उपमहानगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई  अन्य नगरपालिकाहरुमा भिजिट गराई अशल अभ्यासको आदानप्रदान गर्न अवसर दिने कार्यक्रमहरु अघि बढाइनेछ ।

## आदरणिय सभासदज्यूहरु,

(९४)तर्जुमा गरिएका कार्यक्रमहरुको दक्ष एवं कुशल कार्यान्वयनले मात्रै आम नागरिकमा प्रभावकारी प्रतिफल दिन सक्छ । कोभिड-१९ को संक्रमण भोगिरहेको यस विपद्को घडीमा उपमहानगरले तर्जुमा गरेका कार्यक्रमहरुको सफल कार्यान्वयनमा यहाँहरु सबैको सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवस्थामा जनकपुरधाम उप-महानगरपालिकाको विकासमा प्रभावकारी भुमिका खेल्न सबै सरकारी निकायहरु, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, विकासका साझेदारहरु, संचारकर्मीहरु, उपमहानगरवासी आम जनसमुदायहरुलाई यसै सभाबाट अनुरोध समेत गर्न चाहन्छु ।

(९५) प्रस्तुत नीति तथा कार्यक्रमको पुर्ण विवरण आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्य र आय तथा व्ययको विस्तारित विवरणसहितको दस्तावेजहरु यथाशिघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा गर्दछु । साथै उल्लेखित सबै दस्तावेजहरु यस उप-महानगरपालिकाको वेब साईटमा अपलोड गरिने व्यहोरा समेत निवेदन गर्दछु । उक्त सबै दस्तावेजहरु सरकारका सबै निकायहरु, विकासको क्षेत्रमा  क्रियाशील सवै संस्थाहरु तथा विकासका साझेदारहरुका लागी उपयोगी रहेनछ भन्ने विश्वास लिएकोछु । यस नीति तथा कार्यक्रम सभाको बन्द सत्रमा पेश भई छलफल पश्चात पारित हुने विश्वास लिएको छु ।

**अन्त्यमा,**

(९६) जनकपुरधाम उपमहानगर नेपालको सम्बृद्ध महानगर बन्ने सम्भावना भएको नगर हो । जुनसुकै राजनीतिक आस्थाले प्रेरित भए पनि जनकपुरधामको विकास र समृद्धिको हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आज यो नगर सभामा साझा संकल्प गरौ जनकपुरधामलाई हामी देशकै नमुना र अरुका लागी उदाहरणीय मिथिला सांस्कृतिक शहर तथा प्रदेश नं.२ को स्थायी राजधानी बनाउन हामी सबै प्रतिवद्ध छौ । साथै प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कार्यपालिका सदस्यज्युहरु, नगर सभासदस्यज्युहरु, बुद्धिजीवीहरु, राजनीतिज्ञ ज्युहरु, पत्रकार वन्धुहरु, उद्योगी व्यवसायीहरु, किसान, मजदूर तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीवहिनीहरु एवं नगर सेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

॥ धन्यवाद ॥

**लाल किशोर साह**
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका